"समुन्नत विहादी, सम्मानित विहादीवासी"

# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- २०८३\०८४
चलानी नं. :-

मिति :-२०८३/०५/०४

विहादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वहाकीठाँटी, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

सूचना नं. : २०

**लेखापरीक्षणका लागि लेखापरीक्षकको सूची दर्ता सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति: २०८३/०५/०४)**

प्रस्तुत विषयका सम्बन्धमा यस विहादी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूको **आर्थिक वर्ष २०८२/०८३ को वित्तीय कारोबारको प्रचलित कानून तथा लेखापरीक्षणसम्बन्धी मापदण्डबमोजिम लेखापरीक्षण** गराउनुपर्ने भएकाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) मा सूचीकृत तथा प्रचलित कानूनबमोजिम लेखापरीक्षण कार्य गर्न योग्य इच्छुक लेखापरीक्षक/लेखापरीक्षण फर्महरूले देहायका कागजातसहित **मिति २०८३/०५/१८ गते कार्यालय समय(बेलुका ५:०० बजे)भित्र** शिक्षा, युवा तथा खेलकुद शाखामा सूची दर्ताका लागि निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**पेश गर्नुपर्ने कागजातहरू**

१. सूची दर्ताका लागि निवेदन तथा लेखापरीक्षक/फर्मको पूरा ठेगाना, सम्पर्क नं. र इमेल ठेगाना।
२. लेखापरीक्षकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
३. लेखापरीक्षण फर्म/व्यवसाय दर्ता प्रमाणपत्र तथा आ.व. २०८२/०८३ का लागि नवीकरण भएको प्रमाण।
४. स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्र तथा आवश्यक भएमा VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि।
५. नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) को सदस्यता/सम्बन्धित वैध प्रमाणपत्र तथा लेखापरीक्षण कार्य गर्न पाउने अधिकार/इजाजत खुल्ने कागजात।
६. आ.व. २०८२/०८३ सम्मको कर चुक्ता प्रमाणपत्र वा प्रचलित कानूनबमोजिम कर दायित्व पूरा गरेको प्रमाण।
७. नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह वा अन्य सार्वजनिक निकायमा कार्यरत भए प्रचलित कानूनबमोजिम आवश्यक विभागीय स्वीकृति/अनुमतिपत्र।
८. प्रचलित कानूनबमोजिम कालोसूचीमा नपरेको, लेखापरीक्षणसम्बन्धी कसुरमा कारबाही नभएको तथा लेखापरीक्षण कार्य गर्न अयोग्य/निलम्बित नभएको स्वघोषणा पत्र।
९. लेखापरीक्षणसम्बन्धी प्रचलित कानून, मापदण्ड तथा आचारसंहिता पालना गर्ने प्रतिबद्धता पत्र।
१०. कार्यालयले आवश्यक ठानेका अन्य कागजात तथा प्रमाणहरू।

**पुनश्चः** पेश गरिएका कागजातहरू स्पष्ट तथा आवश्यकतानुसार प्रमाणित प्रतिलिपि हुनुपर्नेछ। रीत नपुगेको, आवश्यक कागजात अपुग भएको, गलत/भ्रामक विवरण पेश भएको वा तोकिएको म्यादपछि प्राप्त निवेदन स्वतः अमान्य हुनेछ। सूचीमा दर्ता हुँदैमा लेखापरीक्षण कार्य प्राप्त गर्ने अधिकार सुनिश्चित भएको मानिने छैन। लेखापरीक्षक छनोट तथा लेखापरीक्षण कार्य प्रचलित कानून, सम्बन्धित मापदण्ड तथा गाउँपालिकाको निर्णय/स्वीकृत प्रक्रियाबमोजिम हुनेछ।

थमन बहादुर रेग्मी
प्रमुख प्रशासकीय अधिकृत